# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ८ | संख्याः ०८ | मितिः २०८१/१०/२२


### भाग - २

### स्थानीय सरकार

### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको **"कृषि तथा पशु विकाससँग सम्बन्धित यन्त्र उपकरण वितरण कार्यविधि, २०८१"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कृषि तथा पशु विकाससँग सम्बन्धित यन्त्र उपकरण वितरण कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१०।१९

**प्रस्तावनाः**

मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगटेको कृषि तथा पशु पालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसाय कर रोजगारी मुलक बनाउदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय कृषि तथा पशु पंक्षिजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रूपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि र व्यवसायीक कृषि तथा पशुपालन किसानहरूको माग लाई सम्बोधन गर्न यन्त्र उपकरण वितरण कार्यसञ्चालन हुन सकोस् भन्ने अभिप्रायले मायादेवी गाउँपालिका, रुपन्देहीले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११, खण्ड "ण" सँग सम्बन्धित कार्यको लागि सोही ऐनको दफा "१०२" को उपदफा "२" बमोजिम यो यन्त्र उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"कृषि तथा पशु विकाससँग सम्बन्धित यन्त्र उपकरण वितरण कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) यो कार्यविधि अनुसार कृषि तथा पशुपन्छी शाखाबाट सञ्चालन हुने यन्त्र उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन लागु हुनेछ ।

ख) यो  कार्यविधि जम्मा २ वटा अनुसूची रहने छन् ।

## अनुसूची १

| खर्च शीर्षक | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| | कृषकलाई विद्युतीय स्प्रे टङ्की मोटर/ डेलिभरी पाइप र पम्प सेट वितरण कार्यक्रम | कृषि तथा पशुपालनबाट गरिबी निवारण गर्ने<br>पशुपालन प्रति युवा/युवतिलाई उत्तप्रेरित गर्ने | ▪ गाउँपालिकामा व्यवसायीक रूपमा पशुपालन तथा कम्तीमा ३ कठ्ठामा कृषि कार्य गर्ने मायादेवी गाउँपालिका भित्र कृषि व्यवसाय गर्ने किसानहरू हुनुपर्ने<br>▪ कुनै पनि अनुदान नपाएको हुनुपर्ने<br>▪ दूध तथा तरकारी उत्पादन बढाउने प्रतिबद्धता गरेको हुनुपर्ने<br>▪ आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकता दिने<br>▪ निवेदन माग गर्दा यदि कृषकबाट निवेदन कम पर्न गएमा निवेदन दिएका सबैलाई छनोट गरी सामाग्री वितरण गरिनेछ<br>▪ सामाग्री पाएमा दुरुपयोग नगर्ने प्रतिबद्धता हुनु पर्ने | ७ दिने सूचना प्रकाशन गरी लाभग्राही छनोट गरी गाउँपालिका अध्यक्ष ज्यूको उपस्थितिमा इ-स्प्रे वितरण कार्यक्रम सञ्चालन गर्ने | आर्थिक विकास समितिको निर्णय अनुसार ५० प्रतिशत अनुदान देखि शत प्रतिशत सम्म अनुदान |

## अनुसूची २

मितिः....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मायादेवी गाउँपालिका, बरेवा-रुपन्देही ।

विषयः **यन्त्र उपकरण उपलब्ध गरिपाउँ भन्ने बारे ।**

महोदय,
यस मायादेवी गाउँपालिकाको मिति ..................... गते प्रकाशित सूचना अनुसार यस मायादेवी गाउँपालिका भित्र कृषि कार्य गर्दै आएको व्यहोरा अवगत गराउँदै तरकारी खेतीका लागि ........................................ यन्त्र उपकरण आवश्यक परेको हुँदा उक्त सामाग्री पाउँ भनी नागरिकताको प्रतिलिपि र लालपुर्जाको प्रतिलिपि सहित यो निवेदन पेश गरेको छु ।

**कार्यक्रमको कार्य योजना**

(१) माग गरेको सामाग्री को औचित्य ...........................................

(२) हाल तरकारी खेती गरेको क्षेत्रफल ................

(३) अनुमानित वार्षिक उत्पादन ........................

(४) वार्षिक आम्दानी रु मा .................................

माथि उल्लेखित विवरण अनुसार को सामाग्री पाएमा दुरुपयोग नगर्ने प्रतिबद्धता सहित यो निवेदन पेश गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदक**

**नामः ....................................**

**दस्तखतः ................................**

**मायादेवी गा.पा., वडा नं. ............**

**मोबाइल नं.: ...........................**

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत